# समृद्धि फाइनान्स कम्पनी लिमिटेडको
# एक्काइसौं वार्षिक साधारण-सभाको निर्णय (माइन्युट) पुस्तिका

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडको २१ औं वार्षिक साधारण-सभा सञ्चालक समितिको अध्यक्ष श्री ठाकुर प्रसाद भट्टराईज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

**१. सभाको मिति, समय र स्थान :**

मिति : २०७९ पौष ३० गते, शनिवार (तद्नुसार २०२३ जनवरी १४ तारिख)
समय : विहान १० :०० बजे
स्थान : होटेल एभोकाडो "अर्किड रिसोर्ट" हेटौंडा मकवानपुर ।

**२. सभाको सूचना प्रकाशन**

क) यस फाइनान्स कम्पनीको मिति २०७९/०९/०८ मा बसेको सञ्चालक समितिको ४६६ औं बैठकको निर्णय तथा कम्पनी ऐन २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम ४ (१)(क) मा भएको व्यवस्था अनुसार संस्थाको आ.व. २०७८/०७९ को २१ औं वार्षिक साधारण-सभा मिति २०७९/०९/३० गते होटेल एभोकाडो "अर्किड रिसोर्ट" हेटौंडा मकवानपुरमा विहान १०:०० बजे बस्ने भनी कम्पनी ऐन २०६३ को दफा ६७ (२) मा भएको व्यवस्था बमोजिम मिति २०७९/०९/०९ गते अन्नपुर्ण पोष्ट मा र २०७९/०९/२२ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफलका विषयहरु समेत समावेश गरी सूचना प्रकाशन गरिएको ।

(ख) एक्काइसौं वार्षिक साधारण सभामा प्रस्तुत हुने सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, अनुसूचीहरु लगायतको पुस्तिका कम्पनीको वेभसाइटमा राखिएको तथा सवै शाखाहरु तथा प्रधान कार्यालयबाट संकलन गर्न सकिने व्यवस्था समेत गरिएको ।

(ग) यस फाइनान्सको २१ औं वार्षिक साधारण-सभामा कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड र शेयर रजिष्ट्रार बि. ओ. के. क्यापिटल मार्केट लिमिटेड बाट पर्यवेक्षक प्रतिनिधिको उपस्थितिको लागि अनुरोध गरी पत्राचार गरिएको ।

**३. सभामा उपस्थिति :**

क. साधारण सभामा सञ्चालकज्यूहरुको उपस्थिति निम्न बमोजिम रहेको थियो ।

| | |
|---|---|
| १. श्री ठाकुर प्रसाद भट्टराई | अध्यक्ष |
| २. श्री विनोद कुमार सुवेदी | सञ्चालक |
| ३. श्री दिपक अधिकारी | सञ्चालक |
| ४. श्री सुजन अधिकारी | सञ्चालक |
| ५. श्रीमति दुर्गा थापा | सञ्चालक |
| ६. श्री जंग बहादुर हमाल | सञ्चालक (स्वतन्त्र) |

ख. **सेयरधनीज्युको उपस्थिति**

| | |
|---|---|
| १. श्री शिव प्रसाद घिमिरे | संस्थापक सेयरधनी |
| २. श्री सुदिप घिमिरे | संस्थापक सेयरधनी |
| ३. मधुसुधन कंसाकार | संस्थापक सेयरधनी |
| ४. निरा गोर्खाली | संस्थापक सेयरधनी |
| ५. विजय सागर श्रेष्ठ | संस्थापक सेयरधनी |
| ६. प्रमोद कुमार महासेट | संस्थापक सेयरधनी |
| ७. दिपक अधिकारी | संस्थापक सेयरधनी |
| ८. राजमान तामाङ्ग | संस्थापक सेयरधनी |
| ९. राम श्रेष्ठ | संस्थापक सेयरधनी |
| १०. रेखा कुमारी दास | संस्थापक सेयरधनी |
| ११. भगीरथ खरेल | संस्थापक सेयरधनी |
| १२. बासुदेव तिमिल्सिना | संस्थापक सेयरधनी |
| १३. ज्ञानकृष्ण प्रजापति | संस्थापक सेयरधनी |
| १४. बाल मुकुन्द ढकाल | संस्थापक सेयरधनी |
| १५. नेपा पेट्रोलियम ट्रेड लिंक्स प्रा.लि. | संस्थापक सेयरधनी |
| १६. विनोद कुमार सुवेदी | सर्वसाधारण सेयरधनी |
| १७. दुर्गा थापा | सर्वसाधारण सेयरधनी |
| १८. राम प्रसाद दाहाल | सर्वसाधारण सेयरधनी |
| १९. शोभित कर्माचार्य | सर्वसाधारण सेयरधनी |
| २०. दिपेन्द्र कुमार श्रेष्ठ | सर्वसाधारण सेयरधनी |
| २१. गुलाब कुमार चौधरी | सर्वसाधारण सेयरधनी |
| २२. जनार्धन पाण्डे | सर्वसाधारण सेयरधनी |
| २३. ऋसि प्रसाद प्रधान | सर्वसाधारण सेयरधनी |
| २४. शान्ति खनाल | सर्वसाधारण सेयरधनी |

ग . **पदाधिकारीहरुको उपस्थिति**

| | |
|---|---|
| १. श्री टिका निधि लोहनी | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री विनोद राज पौडेल | नायब महाप्रबन्धक तथा कम्पनी सचिव |
| ३. श्री रमेश घिमिरे | प्रमुख वित्त अधिकृत |
| ४. श्री चुडामणी खनाल | प्रमुख सञ्चालन अधिकृत |

घ. **पर्यवेक्षक प्रतिनिधिको तथा आमन्त्रितको उपस्थिति**

कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र शेयर रजिष्ट्रार बि. ओ. के. क्यापिटल मार्केट लिमिटेड बाट पर्यवेक्षक प्रतिनिधिको उपस्थिति नरहेको ।

Samriddhi Finance

ङ. शेयरधनीहरुको उपस्थिति

| विवरण | कुल संख्या | उपस्थिति | | कुल जम्मा | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| | | स्वयम् उपस्थित | प्रतिनिधि (प्रोक्सि द्धारा उपस्थित) | | |
| शेयरधनीहरुको संख्या | ११,१५४ | २६ | ६४ | ९० | ५५.८० प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ८१,८९,११४ | ११,६२,२६५ | ३४,०७,९७२ | ४५,७०,२३७ | |

**४. साधारण सभाको वैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६९ मा उल्लेख भएबमोजिम सभाको बैधानिकता परीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा ७३ (२) एवम् संस्थाको नियमावलीको नियम ५ मा भएको व्यवस्था बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको ५१ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित नभई साधारण सभाको कारवाही हुने छैन भन्ने व्यवस्था भएकोमा स्वयम् उपस्थित २६ जना र प्रतिनिधिमार्फत उपस्थित ६४ जना गरि कुल ९० जना शेयरधनीहरु उपस्थित हुनुभएको र कुल शेयर संख्याको ५५.८० प्रतिशतको शेयरको प्रतिनिधित्व देखिएको हुँदा सभा पूर्ण वैधानिक भई सभाको काम कारवाही अघि बढाउन स्वीकृति भयो ।

**५. अध्यक्षद्धारा सञ्चालक समितिको प्रतिवेदन सहित साधारण सभाका एजेण्डाहरु प्रस्तुत :**

सञ्चालक समितिका अध्यक्ष ठाकुर प्रसाद भट्टराईले मन्तव्यसहित सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भयो । साथै, अध्यक्षले आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण प्रतिवेदन लगायत २१ औं साधारण सभाका एजेण्डाहरु बैठकमा प्रस्तुत गर्नुभयो ।

**(क) सामान्य प्रस्तावहरु :-**

१. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब, वित्तिय विवरण तथा नगद प्रवाह विवरण लगायतका अनुसूचिहरू माथि छलफल गरि पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हालका लेखापरिक्षक श्री एच.डि.एस.डि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुन नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

४. सर्वसाधारण समुहबाट रिक्त संचालक पदमा संचालक समितिबाट नियुक्त श्रीमति दुर्गा थापाको नियुक्ति अनुमोदन गर्ने ।

५. संचालक समितिको लागि संस्थापक समुह तर्फबाट १ (एक) जना र सर्वसाधारण समुह तर्फबाट १ (एक) जना संचालकको निर्वाचन गर्ने ।

६. विविध ।

**(ख) विशेष प्रस्तावहरु :-**

१. संस्थाको स्विकृत प्रबन्धपत्रमा संशोधन गर्ने ।
२. संस्थाको स्विकृत नियमावलीमा संशोधन गर्ने ।
३. यस संस्थालाई अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) को लागि छलफल गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने लगायत डिडिए (DDA) गर्न नियमनकारी निकायसँग सम्पर्क गर्न, स्वीकृति लिन वा अन्य कुनै पनि विषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्ने लगायत सो सम्वन्धमा प्रचलित नियमानुसार जे जो गर्नु पर्ने हो सोको लागि चाहिने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।
४. प्रवन्ध-पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
५. विविध ।

**६. छलफलका लागि आव्हान**

साधारण सभामा निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ६ मा उल्लेख भए अनुरुप अध्यक्षज्युको अनुमतिले कम्पनी सचिवले बोल्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

**७. सभामा व्यक्त भएका धारणा र सुझावको प्रस्तुतिकरण**

छलफलमा सहभागी हुने शेयरधनीहरुका धारणा जिज्ञासा तथा सुझावलाई सारांशको रुपमा देहाय वमोजिम प्रस्तुत गरिएको छ ।

(क) शेयरधनी श्री विजयलाल श्रेष्ठले शाखा विस्तार गर्ने सम्बन्धमा जिज्ञासा राख्नुभयो ।

Samriddhi Finance

(ख) शेयरधनी श्री राजमान तामाङ्गले कर्जा विस्तार, व्यवसाय विस्तार, खराब कर्जाको अवस्था र असुली सम्बन्धमा आफ्नो धारणा राख्नुभयो ।

(ग) शेयरधनी श्री गुलाब कुमार चौधरीले संस्थाको वासलात, नाफा नोक्सान हिसाब र रिजर्भको बारेमा आफ्नो धारणा राख्नुभयो ।

## ८. सभाको प्रस्ताव तथा निर्णयहरु :

### (क) सामान्य प्रस्तावहरु तथा निर्णयहरु :

**प्रस्ताव नं. १.** सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

**निर्णय :** प्रस्ताव नं. १ अनुसार कम्पनीका अध्यक्ष श्री ठाकुर प्रसाद भट्टराईज्यूले कम्पनीको गतिविधि र भावी योजना समेत समेटेर सभामा प्रस्तुत गर्नुभएको संस्थाको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन सभामा पेश हुँदा शेयरधनीहरुले राख्नुभएको जिज्ञासाको कम्पनीका अध्यक्षले जवाफ दिनुभए पश्चात् सो प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं. २.** लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब, वित्तिय विवरण तथा नगद प्रवाह विवरण लगायतका अनुसूचिहरू माथि छलफल गरि पारित गर्ने ।

**निर्णय :** प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७८/०७९ का लेखापरीक्षक श्री एच.डि.एस.डि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्ले दिनुभएको आ.व. २०७८/७९ को लेखापरिक्षण प्रतिवेदन, उक्त आर्थिक वर्षको वासलात, सो अवधिको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसूचिहरु सभामा पेश हुँदा शेयरधनीहरुले राख्नुभएको जिज्ञासाको कम्पनीका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतले जवाफ दिनुभए पश्चात सो प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं. ३.** लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हालका लेखापरिक्षक श्री एच.डि.एस.डि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुन नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

**निर्णय :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७९/८० को लेखापरीक्षण कार्यको लागि सोही ऐन को दफा १६५ (घ) बमोजिम लेखा परिक्षण समितिबाट सिफारिस भए अनुसार श्री एच.डि.एस.डि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्ति गर्ने र निजको पारिश्रमिक वार्षिक

amriddh
Financ

रु २,३५,००० (अक्षरेपी रु. दुई लाख पैतिस हजार) मूल्य अभिवृद्धि कर बाहेक दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४.** सर्वसाधारण समुहबाट रिक्त संचालक पदमा संचालक समितिबाट नियुक्त श्रीमति दुर्गा थापाको नियुक्ति अनुमोदन गर्ने ।

**निर्णय :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा सञ्चालक समितिको मिति २०७९/०१/२७ मा बसेको ४४९ औं बैठकले सर्वसाधारण समुहबाट रिक्त संचालक पदमा वार्षिक साधारण सभा नभए सम्मका लागि नियुक्त श्रीमति दुर्गा थापाको नियुक्ती अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५.** संचालक समितिको लागि संस्थापक समुह तर्फबाट १ (एक) जना र सर्वसाधारण समुह तर्फबाट १ (एक) जना संचालकको निर्वाचन गर्ने ।

**निर्णय :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा संस्थाको नियमावलीको नियम ८ मा भएको व्यवस्था बमोजिम संस्थापक समुह तर्फबाट प्रतिनिधित्व गर्ने १ (एक) जना र सर्वसाधारण समुह तर्फबाट १ (एक) जना संचालकको निर्वाचन गर्ने भनि गरिएको कार्यक्रम अन्तर्गत संस्थाको "संचालक निर्वाचन सम्बन्धि निर्देशिका, २०७८" बमोजिम नियुक्त हुनुभएका निर्वाचन अधिकृतले प्रकाशन गरेको निर्वाचन कार्यक्रम बमोजिम निर्धारित समयमा दर्ता भएका, सवै योग्यता पुगेका उम्मेद्धारहरुको संख्या र निर्वाचन गर्नुपर्ने पद संख्या बरावर भएकाले साधारण सभाबाट तपशिल बमोजिमका संचालकहरु सर्वसम्मत रुपमा निर्वाचित हुनुभएको व्यहोरा निर्वाचन अधिकृत विद्वान अधिवक्ता श्री जयराम पराजुलीको अनुपस्थितिमा निजको तर्फवाट समितिका अध्यक्ष श्री ठाकुर प्रसाद भट्टराईले सभा समक्ष जानकारी गराउनुभयो । साधारण सभाबाट सो प्रस्तावलाई सर्वसम्मत रुपमा स्विकृत गरियो ।

तपशिल

**संस्थापक समुहबाट निर्वाचित सञ्चालकहरु**

१. श्री सुदिप घिमिरे

**सर्वसाधारण समुहबाट निर्वाचित सञ्चालक**

१. श्रीमति दुर्गा थापा

प्रस्ताव नं. ६. **विविध ।**

**निर्णय :** छलफलका अन्य विषयहरु नभएकोले अध्यक्षज्यूले सामान्य प्रस्तावहरु पारित गरिदिनु भएकोमा साधारण सभाका सबै शेयरधनीहरुलाई धन्यवाद दिंदै विशेष प्रस्तावहरु उपर छलफल गर्न आग्रह गर्नुभयो ।

Samriddhi Finance

(ख) **विशेष प्रस्तावहरू तथा निर्णयहरु :**

**विशेष प्रस्ताव नं. (१)** संस्थाको स्विकृत प्रबन्धपत्रमा संशोधन गर्ने ।

**निर्णय** : विशेष प्रस्ताव नं. १ मा छलफल गर्दा संस्थाको प्रबन्धपत्र - २०६५ मा तपशिल बमोजिम संसोधन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**प्रबन्धपत्र संशोधन सम्बन्धी तीन महले**

| क. स. | हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १. | दफा २ वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगाना :<br><br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय **मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १, मा** रहने छ ।<br>(२) यस वित्तीय संस्थाको कारोबार गर्ने स्थान **मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १, मा** रहने छ । र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्विकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ । | दफा २ वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगाना :<br><br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय **काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. २८** मा रहनेछ ।<br>(२) यस वित्तीय संस्थाको कारोबार गर्ने स्थान **काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. २८** मा रहने छ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्विकृति लिई नेपालभरि शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ । | राष्ट्रियस्तरको फाइनान्स कम्पनीले संघीय राजधानीमा केन्द्रिय कार्यालय राख्दा, काम कारवाही, नियामक निकायसँगको, समन्वय तथा व्यवसाय विस्तारमा सहज हुने भएकाले । |
| २. | दफा ४ (द) बैंक वा अन्य वित्तीय संस्थाको जमानतमा कर्जा दिने । | दफा ४ (द) हटाउने | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ बमोजिम गर्न । |

Samriddhi Finance

| | | | |
|---|---|---|---|
| ३. | दफा ४ (य) जग्गा विकास, आवासीय प्रयोजनका लागि जग्गा खरिद तथा घर निर्माण जस्ता परियोजना सञ्चालन गर्ने र त्यस्ता घर जग्गाको बिक्री वितरण तथा व्यवस्थापन गर्ने गराउने, | दफा ४ (य) हटाउने | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५० बमोजिम गर्न । |
| ४. | दफा ५ (घ) : संस्थापक शेयरधनीहरुलाई समुह 'क' मा वर्गिकरण गरिएको छ । यो समुहको शेयर **स्वमित्व ५९.३७ प्रतिशत हुनेछ** । | दफा ५ (घ) : संस्थापक शेयरधनीहरुलाई समुह 'क' मा वर्गिकरण गरिएको छ । यो समुहको शेयर **स्वामित्व ५१ प्रतिशत हुनेछ ।** | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकले "क" "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाको लागि जारि गरेको एकीकृत निर्देशन, २०७८ को इ.प्रा. निर्देशन नं. १०/२०७८ को बुँदा नं. १५ को व्यवस्था बमोजिम गर्न । |
| ५. | दफा ५ (ङ) : सर्वसाधारणमा जारी पुँजीको शेयर **स्वामित्व ४०.६३** प्रतिशत हुनेछ । सर्वसाधारण बिक्री गरिने शेयरका शेयरधनीलाई समुह 'ख' मा वर्गिकरण गरिएको छ । | दफा ५ (ङ) : सर्वसाधारणमा जारी पुँजीको शेयर **स्वामित्व ४९** प्रतिशत हुनेछ । सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समुह 'ख' मा वर्गिकरण गरिएको छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकले "क" "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाको लागि जारि गरेको एकीकृत निर्देशन, २०७८ को इ.प्रा. निर्देशन नं. १०/२०७८ को बुँदा नं. १५ को व्यवस्था बमोजिम गर्न । |
| ६. | दफा ७ (ग) वित्तीय संस्थाले कारोवार सञ्चालन गरेको पाँच वर्ष नपुगेसम्म संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पुर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोबार सञ्चालन गरेको | दफा ७ (ग) वित्तीय संस्थाले कारोबार सञ्चालन गरेको पाँच वर्ष नपुगेसम्म संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पुर्व स्वीकृति लिनु पर्नेछ । यस | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ बमोजिम गर्न । |

amriddhi Finance

| | | | |
|---|---|---|---|
| | पाँच वर्ष नपुगे तापनि वित्तीय संस्थाको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।<br><br>तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समुहको शेयर हो सोही समुहका शेयरधनीहरुलाई दिनु पर्नेछ । समुहभित्र उपसमुह रहेको अवस्थामा जुन उपसमुहको शेयर हो सोही उपसमुहका शेयरधनीलाई प्रथमिकता दिइनेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समुहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर सञ्चालक समितिको **निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति नलिई अन्य व्यक्ति**, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ । | व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोबार सञ्चालन गरेको पाँच वर्ष नपुगे तापनि वित्तीय संस्थाको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।<br><br>तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समुहको शेयर हो सोही समुहका शेयरधनीहरुलाई दिनु पर्नेछ । समुहभित्र उपसमुह रहेको अवस्थामा जुन उपसमुहको शेयर हो सोही उपसमुहका शेयरधनीलाई प्राथमिकता दिइनेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समुहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर सञ्चालक समितिको **निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य व्यक्ति**, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न | |

amriddhi Finance

| | | | |
|---|---|---|---|
| | | सकिने छ । | |

**विशेष प्रस्ताव नं. २.** संस्थाको स्विकृत नियमावलीमा संशोधन गर्ने ।

**निर्णय :** विशेष प्रस्ताव नं. २ मा छलफल गर्दा संस्थाको नियमावली - २०६५ मा तपशिल बमोजिम संशोधन गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**नियमावली संशोधन सम्बन्धी तीन महले**

| **क. स.** | **हालको व्यवस्था** | **प्रस्तावित संशोधन** | **संशोधन गर्नुपर्ने कारण** |
|---|---|---|---|
| १. | नियम २ : वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगाना :<br><br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड ( केन्द्रिय) कार्यालय **मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १,** मा रहने छ ।<br><br>(२) यस वित्तीय संस्थाको कारोबार गर्ने स्थान **मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. १,** मा रहने छ । र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्विकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ । | नियम २ : वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय रहने ठेगाना :<br><br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय **काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. २८** मा रहनेछ ।<br><br>(२) यस वित्तीय संस्थाको कारोबार गर्ने स्थान **काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. २८** मा रहने छ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्विकृति लिई नेपालभरि शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिने छ । | राष्ट्रियस्तरको फाइनान्स कम्पनीले संघीय राजधानीमा केन्द्रिय कार्यालय राख्दा, काम कारवाही, नियामक निकायसँगको, समन्वय तथा व्यवसाय विस्तारमा सहज हुने भएकाले । |
| २. | नियम ४ (३)<br><br>यस वित्तीय संस्थाको वार्षिक साधारण सभा गर्नका लागि | नियम ४ (३)<br><br>यस वित्तीय संस्थाको वार्षिक साधारण सभा गर्नका लागि | शब्द दोहोरीएकोले एकरुपता ल्याउन । |

amriddhi Finance

| | | | |
|---|---|---|---|
| | सञ्चालक **समितिको बहुमतले निर्णय गरी सञ्चालक समितिको बहुमतले** निर्णय गरि सञ्चालक समितिको अध्यक्षले कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीवालालाई सूचना दिईने छ । | **सञ्चालक समितिको बहुमतले निर्णय** गरी सञ्चालक समितिको अध्यक्षले कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीवालालाई सूचना दिईने छ । | |
| ३. | नियम ८ (१)<br><br>वित्तीय संस्थाको सञ्चालकहरुको नियुक्ति/निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी कानून र अन्य प्रचलित कानूनको अधीनमा रही वार्षिक साधारण सभाबाट हुनेछ । तर **व्यावसायिक विशेषज्ञ संचालकको** नियुक्ति समितिले गर्नेछ । | नियम ८ (१)<br><br>वित्तीय संस्थाको सञ्चालकहरुको नियुक्ति/निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी कानून र अन्य प्रचलित कानूनको अधीनमा रही वार्षिक साधारण सभाबाट हुनेछ । तर **स्वतन्त्र सञ्चालकको** नियुक्ति समितिले गर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १४ बमोजिम एकरुपता गर्न । |
| ४. | नियम ८ (१) (ग)<br><br>नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहको सुचिबाट समितिले नियुक्त गरेको **व्यावसायिक संचालक १ जना** । | नियम ८ (१) (ग)<br><br>बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून वमोजिम योग्य व्यक्तिबाट समितिले नियुक्त गरेको **स्वतन्त्र सञ्चालक एक जना** । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ दफा १४ बमोजिम एकरुपता गर्न । |

Samriddhi Finance

| | | | |
|---|---|---|---|
| ५. | नियम ८ (२) (क)<br><br>सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुका तर्फबाट मनोनित वा निर्वाचित **४ जना सञ्चालक रहने छ।** | नियम ८ (२) (क)<br><br>सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुका तर्फबाट मनोनित वा निर्वाचित **३ जना सञ्चालक रहने छ।** | संस्थापक शेयर र सर्वसाधारण शेयरको संरचनामा भएको परिवर्तन अनुसार समायोजन गर्न । |
| ६. | नियम ८ (२) (ख)<br><br>सञ्चालक समितिमा सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित **२ जना सञ्चालक रहने छ।** | नियम ८ (२) (ख)<br><br>सञ्चालक समितिमा सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित **३ जना सञ्चालक रहने छ।** | संस्थापक शेयर र सर्वसाधारण शेयरको संरचनामा भएको परिवर्तन अनुसार समायोजन गर्न । |
| ७. | नियम ९(क)<br><br>**समितिको बैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउनेछ।** | नियम ९(क)<br><br>**सञ्चालक समितिको बैठक अध्यक्षको निर्देशन वा अनुमतिमा कम्पनी सचिव वा कम्पनीका कार्यकारी प्रमुख वा अध्यक्षले तोकेको अन्य व्यक्तिले बोलाउने छ।** | संस्थाको समितिको बैठक सञ्चालन सम्बन्धि कार्यविधि, २०७८ सँग एकरुपता गर्न । |
| ८. | नियम १० (६)<br><br>समितिको बैठक वर्षमा कम्तीमा बाह्र पटक बस्नु पर्नेछ । **तर दुईवटा बैठकको बीचको फरक दुई महिना** भन्दा बढी हुने छैन । | नियम १० (६)<br><br>समितिको बैठक वर्षमा कम्तीमा बाह्र पटक बस्नु पर्नेछ । **तर दुईवटा बैठकको बीचको फरक साठी दिन** भन्दा बढी हुने छैन । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा २१ बमोजिम एकरुपता गर्न । |

amriddhi Financ

| | | | |
|---|---|---|---|
| ९ | नियम १० (७)<br><br>बैठक बस्ने समय, मिति, स्थान, छलफल पेश गरिने विषय सुचि समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनु भन्दा कम्तीमा **७ दिन अगावै संचालकहरुलाई सूचना पठाउनु पर्नेछ र यस्तो सूचना फ्याक्स वा ईमेल मार्फत पनि पठाउन सकिने छ ।** यसरी बोलाइएको बैठकमा विषय सूचीमा नपरेका विषयहरुमा पनि अध्यक्षले अनुमती दिएमा छलफल गर्न सकिनेछ । | नियम १० (७)<br><br>बैठक बस्ने समय, मिति, स्थान, छलफल पेश गरिने विषय सुचि समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनु भन्दा कम्तीमा **२४ घण्टा अगावै संचालकहरुलाई सूचना पठाउनु पर्नेछ र यस्तो सूचना ईमेल वा एसएमएस मार्फत पनि पठाउन सकिने छ ।** यसरी बोलाइएको बैठकमा विषय सूचीमा नपरेका विषयहरुमा पनि अध्यक्षले अनुमती दिएमा छलफल गर्न सकिनेछ । | संस्थाको समितिको बैठक सञ्चालन सम्बन्धि कार्यविधि, २०७८ सँग एकरुपता गर्न । |
| १० | नियम १० (८)<br><br>नियम १०(७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आकस्मिक विषयमा सञ्चालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्विकृतिले **७ दिनको पूर्व सूचना** बिना पनि सञ्चालक समितिको बैठक बोलाउन सकिने छ । | नियम १० (८)<br><br>नियम १०(७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आकस्मिक विषयमा सञ्चालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्विकृतिले **२४ घण्टाको पूर्व सूचना** बिना पनि सञ्चालक समितिको बैठक बोलाउन सकिने छ । | संस्थाको समितिको बैठक सञ्चालन सम्बन्धि कार्यविधि, २०७८ सँग एकरुपता गर्न । |
| ११. | नियम ११ (१)<br><br>वित्तीय संस्थाको सञ्चालकहरुको नियुक्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी कानूनको अधीनमा रही साधारण सभाबाट हुनेछ र | नियम ११ (१)<br><br>वित्तीय संस्थाको सञ्चालकहरुको नियुक्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही साधारण सभाबाट | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १४ बमोजिम एकरुपता गर्न । |

amriddhi Finance

| | | | |
|---|---|---|---|
| | **व्यावसायिक विशेषज्ञ संचालकको** नियुक्ति समितिले गर्नेछ । | हुनेछ र **स्वतन्त्र सञ्चालकको** नियुक्ति समितिले गर्नेछ । | |
| १२ | नियम १२ (१)<br><br>साधारण सभा तथा सञ्चालक समिति निर्णयको अभिलेख नियम १० बमोजिम निर्णय पुस्तिका ( माइन्यूट बुक) मा लेखी हस्ताक्षर समेत गराई राख्नु पर्नेछ । | नियम १२ (१)<br><br>**साधारण सभाको काम कारबाहीको विवरण निर्णय पुस्तिका (माइन्यूट बुक) मा लेखी हस्ताक्षर समेत गराई कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कार्यालय समयभित्र कुनै शेयरधनीले हेर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले हेर्न दिनु पर्नेछ ।** | कम्पनी ऐन २०६३ को दफा ७५ बमोजिम एकरुपता गर्न । |
| १३. | नियम १२ (२)<br><br>यस वित्तीय संस्थाका निर्णयहरु शेयरधनीहरुले हेर्न चाहेमा कार्यालय समयभित्र देखाउनु पर्नेछ । प्रतिलिपि आवश्यक परी शेयरधनीबाट माग भएमा प्रतिपृष्ठ रु. ५।- को दस्तुर लिई कम्पनी सचिवले प्रतिलिपि प्रमाणित गरी दिनु पर्नेछ । | नियम १२ (२)<br><br>**कुनै शेयरधनीले साधारण सभाको काम कारबाहीको विवरणको प्रतिलिपि लिन चाहेमा कम्पनीले प्रतिपृष्ठ रु. ५।- को दस्तुर लिई उपलब्ध गराउनेछ ।** | कम्पनी ऐन २०६३ को ७५ बमोजिम एकरुपता गर्न । |

amriddh Finance

| | | | |
|---|---|---|---|
| १४ | नियम १३ (२)<br><br>यस वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तीमा १०० थान शेयर लिएको हुनु पर्नेछ ।<br><br>तर राष्ट्र बैंकले कायम गरेको **व्यवसायिक विशेषज्ञ सञ्चालक** तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले वित्तीय संस्थामा शेयर लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन । | नियम १३ (२)<br><br>यस वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तीमा १०० थान शेयर लिएको हुनु पर्नेछ ।<br><br>तर राष्ट्र बैंकले कायम गरेको **स्वतन्त्र सञ्चालक** तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले वित्तीय संस्थामा शेयर लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम एकरुपता गर्न । |
| १५ | नियम १६ (१)<br><br>प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहरुको सूचीबाट समितिले एक (१) जना **व्यावसायिक बिशेषज्ञ संचालक** नियुक्त गर्नेछ । | नियम १६ (१)<br><br>बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनमा व्यवस्था गरे वमोजिम योग्य व्यक्तिबाट समितिले एक (१) जना **स्वतन्त्र सञ्चालक** नियुक्त गर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १४ बमोजिम एकरुपता गर्न । |
| १६. | नियम १८. प्रवन्ध सञ्चालक सम्बन्धी व्यवस्था : | नियम १८. पुरै हटाउने | आवश्यक नभएकोले |

| | | | |
|---|---|---|---|
| १७. | नियम १९ प्रबन्ध सञ्चालकको योग्यता, पारिश्रमिक तथा सेवाका अन्य शर्त र काम, कर्तव्य, अधिकार | नियम १९ पुरै हटाउने | आवश्यक नभएकोले |
| १८. | नियम २० (२)<br><br>**कार्यकारी प्रमुखको अनुपस्थितिमा कार्यकारी प्रमुख वा महाप्रबन्धक वित्तिय संस्थाको प्रमुख प्रशासक हुनेछ ।** तर प्रबन्ध संचालक ( आवश्यक नभएको) उपस्थित रहेका वखतको प्रमुख कार्यकारी अधिकृत वा महाप्रबन्धकको काम, कर्तव्य र अधिकार प्रवन्ध संचालकले प्रत्यायोजन गरे बमोजिम हुनेछ । | नियम २० (२)<br><br>**प्रमुख कार्यकारी अधिकृतको अनुपस्थितिमा नायव प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी प्रमुखको रुपमा काम गर्न तोकिएको कर्मचारी वित्तिय संस्थाको प्रमुख प्रशासक हुनेछ ।** | संस्थाको संगठनात्मक संरचना वमोजिम परिवर्तन गर्न आवश्यक भएकोले |
| १९. | नियम २६ (२)<br><br>उपनियम (१) बमोजिम निवेदन परेमा वित्तीय संस्थाले प्रबन्धपत्रको दफा ७ को अधीनमा रही **दर्ता किताबमा साविक शेयरधनीको नाम खारेज गरी हालको शेयरधनीको नाम दर्ता गर्नेछ ।** | नियम २६ (२)<br><br>उपनियम (१) बमोजिम निवेदन परेमा वित्तीय संस्थाले प्रबन्धपत्रको दफा ७ को अधीनमा रही **निवेदन परेको पन्ध्र दिनभित्र दर्ता किताबमा साविक शेयरधनीको नाम खारेज गरी हालको शेयरधनीको नाम दर्ता गर्नेछ ।** | कम्पनी ऐन, २०६३ को दफा ४३(२) बमोजिम एकरुपता गर्न । |

Samriddhi Finance

| | | | |
|---|---|---|---|
| २० . | नियम २९(१) (ख)<br><br>समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षलाई **रु. ५,०००।- ( पाँच हजार) र संचालकलाई रु. ४,०००।- (चार हजार) भत्ता प्रदान गरिनेछ ।** | नियम २९ (१) (ख)<br><br>समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षलाई रु. **९,०००।- ( नौ हजार मात्र) र संचालकलाई रु. ७,०००।- (सात हजार मात्र) भत्ता प्रदान गरिनेछ ।** | समयानुकुल संसोधन गर्न वाञ्छनिय भएकोले । |
| २१ . | नियम २९ (१) (ग) :<br><br>वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br><br>(अ) दैनिक भत्ता रु. **३,०००।००** | नियम २९ (१) (ग) :<br><br>वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br><br>(अ) दैनिक भत्ता रु. **५,०००।- ( पाँच हजार मात्र)** | समयानुकुल संसोधन गर्न वाञ्छनिय भएकोले । |
| २२ . | नियम ३१ (३)<br><br>वित्तीय संस्थाले आर्थिक वर्ष समाप्त भएको **पाँच महिनाभित्र** वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार गरी आफ्नो हिसाब किताबको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरण कम्तीमा दुई जना सञ्चालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ । | नियम ३१ (३) वित्तीय संस्थाले आर्थिक वर्ष समाप्त भएको **चार महिनाभित्र** वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरीका अनुसार तयार गरी आफ्नो हिसाब किताबको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरणमा कम्तीमा दुई जना सञ्चालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६२ बमोजिम एकरुपता गर्न । |

Samriddhi Finance

| | | | |
|---|---|---|---|
| २३. | नियम ३९(५)<br><br>वित्तीय संस्थामा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरु कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छ्याएको भए त्यस्तो इच्छ्याइएको व्यक्तिको र त्यस्तो इच्छ्याइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छ्याइएको रहेनछ भने देहायको व्यक्ति मध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछः-<br><br>(क) संगोलको पति वा पत्नी<br><br>(ख) संगोलको छोरा, धर्मपत्र वा छोरी वा धर्मपुत्री,<br><br>(ग) संगोलको बाबु, आमा, छोरा पट्टीको नाति वा नातिनी,<br><br>(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबु वा आमा,<br><br>(ङ) संगोलको बाबुपट्टिको बाजे, बज्यै, दाजु, भाइ, अविवाहिता दिदी वा बहिनी,<br><br>(च) संगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरा पट्टीको नाति वा अविवाहिता नातिनी, | नियम ३९ (५)<br><br>(१) बैंक वा वित्तीय संस्थामा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरु कसैको हक दाबी लाग्ने छैन ।<br><br>(२) निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छ्याएको भए त्यस्तो इच्छ्याइएको व्यक्तिको र त्यस्तो इच्छ्याइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छ्याइएको रहेनछ भने देहायको व्यक्तिमध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछ :-<br><br>(क) सगोलको पति वा पत्नी,<br><br>(ख) सगोलको छोरा वा छोरी, धर्मपुत्र वा धर्मपुत्री वा विधवा बुहारी,<br><br>ग) सगोलको बाबु, आमा, नाति वा नातिनी,<br><br>(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, छोरी, बाबु वा आमा, छोरा, बुहारी वा विवाहित छोरी,<br><br>(ङ) सगोलको बाजे, बज्यै, दाजु, भाइ, भदा, भदै, दिदी वा बहिनी, भिन्न बसेका बाजे, बज्यै,<br><br>(च) सगोलको सौतेनी आमा, भिन्न बसेको छोरा पट्टिको नाति वा | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम एकरुपता गर्न । |

Samriddhi Finance

| | | | |
|---|---|---|---|
| | (छ) संगोलको काका, विधवा, काकी, भाउज्यू, भाइ-बुहारी वा नातिनी बुहारी,<br><br>(ज) भिन्न बसेको दाजु वा भाइ,<br><br>(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा-बुहारी, नातिनी-बुहारी वा भतिजा ।<br><br>तर उपरोक्त प्राथमिकताक्रममा पर्ने कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेप उपर हकवालाको दावी रहनेछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप नेपाल सरकारको श्री ५ को सरकारको हुनेछ । | अविवाहित नातिनी,<br><br>(छ) भिन्न बसेको दाजु वा भाइ, भदा, भदै, दिदी, बहिनी, भतिजा, भतिजी<br><br>(ज) सगोलको काका, विधवा काकी, भाउजु, भाइ बुहारी वा नातिनी बुहारी,<br><br>(झ) विवाहित दिदी, बहिनी, भिन्न बसेको नातिनी बुहारी ।<br><br>**(३) उपनियम (५)(२) बमोजिमको प्राथमिकता क्रममा कोही व्यक्ति नभई प्रचलित कानून बमोजिमको हकवालाको त्यस्तो निक्षेप उपर दाबी नरहेको अवस्थामा सो निक्षेप राष्ट्र बैंकको बैंकिङ्ग विकास कोषमा जम्मा गरी बैंकिङ्ग विकासमा प्रयोग गरिनेछ ।**<br><br>**(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैंक वा वित्तीय संस्थामा रहेको निक्षेप उपदफा (१) बमोजिम हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन ।** | |

**विशेष प्रस्ताव नं. ३.** यस संस्थालाई अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) को लागि छलफल गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने लगायत डिडिए (DDA) गर्न नियमनकारी निकायसँग सम्पर्क गर्न, स्वीकृति लिन वा अन्य कुनै पनि विषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्ने लगायत सो सम्बन्धमा प्रचलित नियमानुसार जे जो गर्नु पर्ने हो सोको लागि चाहिने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

Samriddhi Finance

**निर्णय :** विशेष प्रस्ताव नं. ३ मा छलफल गर्दा यस संस्थालाई अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्थासँग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिसन) को लागि छलफल गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने लगायत डिडिए (DDA) गर्न नियमनकारी निकायसँग सम्पर्क गर्न स्वीकृती लिन वा अन्य कुनै पनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्ने लगायत सो सम्बन्धमा प्रचलित नियमानुसार जे जस्तो गर्नु पर्ने हो सोको लागि चाहिने सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विशेष प्रस्ताव नं.** ४. प्रबन्ध-पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**निर्णय :** विशेष प्रस्ताव नं. ४ उपर छलफल गर्दा संस्थाको प्रबन्ध-पत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितो बोर्ड आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात तथा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यकीय सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विशेष प्रस्ताव नं. ५. विविध ।**

**निर्णय :** प्रस्ताव नं. ५ मा विविध शीर्षकमा कुनै विषय छलफलका लागि प्रस्तुत भएनन् ।

**सभाको बिसर्जन :**

अन्त्यमा, यस एक्काइसौं वार्षिक साधारण सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरुबाट कम्पनीको प्रगतिको लागि आफ्नो अमूल्य सुझावहरु व्यक्तगरी सभा सौहार्दपूर्ण वातावरणमा सफल गराई दिनु भएकोमा शेयरधनीमहानुभावहरु, सञ्चालकज्यूहरु, व्यवस्थापन एवम् कर्मचारी वर्ग तथा अन्य उपस्थित महानुभावहरुलाई धन्यवाद दिँदै सभापतिज्यूले सभा बिर्सजन भएको घोषणा गर्नुभयो ।

Samriddhi Finance

| | |
|---|---|
| विनोद राज पौडेल | ठाकुर प्रसाद भट्टराई |
| (कम्पनी सचिव) | (अध्यक्ष) |